# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२) काठमाडौं, भदौ २९ गते २०४६ साल (संख्या २३

## भाग ३

### श्री ५ को सरकार
### पर्यटन मन्त्रालयको सूचना

श्री ५ को सरकारले पदयात्रा तथा जलयात्रा नियमावली, २०४१ को नियम ४ ले दिएको अधिकार प्रयोग गरी २०४६ साल भाद्र १६ गतेदेखि लागू हुने गरी देहायका क्षेत्रको पदयात्राको अनुमति दस्तूर देहाय बमोजिम तोकेको छ ।

१. डोल्पा जिल्लाको माथिल्लो भेग जान मुस्ताङको फल्याक हुँदै साङदा भञ्ज्याँङ –छार्काभोट– छार्का भञ्ज्याँङ– टिन्जे– सिमेन गाउँ– भिजेर गाउँ– सेगुम्वा– जेङला भञ्ज्याँङ– चार्कुला भञ्ज्याँङ– यस्तै धम्पास पास– फ्रेन्च पास– मुकुट गाउँ– बर्बुन खोला र ताचीन गाउँ विदेशी पर्यटकहरूका लागि खुला गरी ती क्षेत्रको पदयात्रा अनुमति दस्तूर प्रति व्यक्ति पहिलो १० दिनको अमेरिकी डलर ७०० वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा र त्यसपछि प्रति व्यक्ति प्रति दिनको अमेरिकी डलर ७० वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा लाग्नेछ ।

२. मुस्ताङ क्षेत्रको लोमाथांकासम्मको पदयात्रा अनुमति दस्तूर प्रति व्यक्ति पहिलो १० दिनको अमेरिकी डलर ७०० वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा र त्यस पछि प्रति व्यक्ति प्रति दिनको अमेरिकी डलर ७० वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा लाग्नेछ ।

३६९ ०.३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मनासलु क्षेत्रको पदयात्रा अनुमति दस्तूर प्रति व्यक्ति प्रति हप्ता अमेरिकी डलर ७५ वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा लाग्नेछ ।

४. उपरोक्त दफा १,२ र ३ मा उल्लेखित क्षेत्रहरूको पदयात्रा अनुमति दस्तूर पर्वतारोहणको लागि जाने विदेशी पर्वतारोहीहरूलाई लागू हुनेछैन ।

५. खण्ड ४१ संख्या ४७ मिति २०४८।११।२६ र खण्ड ४२ संख्या १७ मिति २०४९।४।१९ नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरेको छ ।

आज्ञाले,
मोहनराज शर्मा
श्री ५ को सरकारको सचिव

३६०



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।